# मल बिज्ञ परामर्श सेवा खरिदका लागि कार्य क्षेत्रगत शर्त

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## माटो तथा मल परिक्षण प्रयोगशाला

खजुरा,बाँके

भाद्र, २०८१

<u>मल बिज्ञ परामर्श सेवा खरिदका लागि कार्य क्षेत्रगत शर्त</u>

<u>(Terms of Reference)</u>

१. पृष्ठभूमिः

यस माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा, बाँके लुम्बिनि प्रदेश सरकार, कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको माटो र मलका नमुनाहरु परिक्षण गर्ने आधिकारीक एक मात्र प्रादेशिक सरकारी प्रयोगशाला हो । नेपालमा संघीयता लागु हुनु पूर्व यस प्रयोगशालाको नाम क्षेत्रीय माटो परिक्षण प्रयोगशाला रहेकोमा हाल यस प्रयोगशालाको जिम्मेवारी माटो मात्र परिक्षण गर्ने नभई मल परिक्षण गर्ने समेत जिम्मेवारी यस प्रयोगशालाले प्राप्त गरेको छ । सो सन्दर्भमा बर्तमान अबस्थामा माटो परिक्षण कार्य मात्र भईरहेको यस प्रयोगशालामा मलको परिक्षण कार्य तत्काल शूरुवात गर्न पर्ने आबश्यक देखिन्छ ।रायासनिक मल नियन्त्रण आदेश २०५५ ले मल परिक्षण तथा विश्लेषण गर्ने जनशक्तिको योग्यता कानुन बमोजिम नै निर्धारण गरेकोले र सो निर्धारित योग्यता बमोजिमका प्राविधिकहरु यस प्रयोगशालामा कार्यरत् नभएको हुंदा हाल सम्म पनि मल परिक्षण कार्यको शुरुवात गर्न सकिएको अबस्था छैन । मल जाँच सेवा सुचारु हुन नसक्दा प्रांगारिक तथा जिवाणु मल निर्देशिका २०७८ बमोजिम मल उत्पादक कम्पनि, कृषि फार्म, र कृषकले उत्पादन गरेका प्रांगारिक मल, गोठेमल, भर्मिकम्पोष्ट, झोलमल, गितिमल आदिको परिक्षण तथा विश्लेषण गरि कानुन बमोजिम निर्धारण गरिएको मलको गुणस्तर मापदण्ड भएको/ नभएको एकिन गर्न मल परिक्षण कार्यलाई तत्काल अगाडि बढाउनु पर्ने देखिन्छ र मल लुम्बिनि प्रदेश भित्र रहेका कृषकहरु तथा मल उत्पादक कम्पनिहरुलाई मल परिक्षण गर्नको लागि अन्य प्रदेश तथा केन्द्रमा नमुना पठाउने झन्झटिलो र खर्चिलो बाध्यतालाई यथाशिघ्र रोक्नु पर्ने अबस्था रहेको छ । त्यसैले यस प्रयोगशालाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मल नमुना संकलन तथा जाँच सेवा संचालनका लागि आबश्यक योग्यता हासिल गरेका बिज्ञ ब्यक्तिहरुबाट परामर्श सेवा खरिद गर्नका निमित्त यो कार्यक्षेत्रगत शर्त (ToR) तयार पारिएको छ ।

२. परामर्श सेवा करार कार्यक्रमको उद्देश्यः अध्ययन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रयोगशालामा मल परिक्षण सेवा सुचारु गरि मल उत्पादक कृषक कृषि समुह सहकारी कम्पनीहरुबाट उत्पादन भएको मल कानुन बमोजिम गुणस्तरीय भए नभएको एकिन गरि मल उत्पादनमा सहजिकरण तथा नियमन गर्न ।



लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि ब्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँके

(ख) प्रयोगशालाका प्राविधिकहरुको मल परिक्षण कार्यमा प्रयोगात्मक अभ्यासबाट शिप तथा क्षमता अभिबृद्धि गर्न।

(ग) मल उत्पादन गर्ने संस्थाहरुको अनुगमन नियमन तथा नमुना संकलन कार्यमा सहजिकरण गर्न।

(घ) प्रदेशस्तरीय मल उत्पादकहरु तथा उत्पादन वितरण, बजारिकरण, खपत, मलको गुणस्तरीयता, फिल्ड परिक्षण आदिको सम्पूर्ण विवरण तयार तथा प्रतिवेदन गर्न ।

३. कार्यक्रमको कार्य क्षेत्रः यस अध्ययन कार्यक्रम मार्फत तपसिल बमोजिमका विषयहरु अध्ययन गर्नु पर्नेछ।

यस कार्यक्रम मार्फत परामर्शदाताले तपसिल बमोजिमका कार्यहरु सम्पन्न गर्नु पर्नेछ;

(क) मलको नमुना संकलन

(ख) संकलन गरिएका मल नमुना भण्डारण तथा ब्यवस्थापन

(ग) नमुनाको कोडीङ तथा डीकोडिङ

(घ) मल जाँच गर्न आवश्यक पर्ने रसायनहरुको लागत अनुमान तयार

(ङ) मल परिक्षणमा आबश्यक मेशिनरि औजारको ब्यवस्थापन

(च) मलको नमुना जाँच तथा बिष्लेषण

(छ) परिक्षण गरिएका नमुनाहरुको प्रतिवेदन तयार

(ज) प्रयोगशालामा कार्यरत प्राबिधिकहरुलाई मल जाँच सम्बन्धी आवश्यक सिप तथा तालिम प्रदान गर्ने

(झ) मल जाँच तथा अन्य मल संग सम्बन्धित विषयमा कार्यालयलाई आवश्यक परामर्श प्रदान गर्ने

(ञ) लुम्बिनि प्रदेशमा रहेका मल उत्पादक तथा बितरकहरुको तथ्याङ्क संकलन, अनुगमन तथा निरिक्षण

४. कार्यक्रमको अपेक्षित उपलब्धीः देहाय वमोजिमको अपेक्षित उपलव्धी हुनेछ ।

क) माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा, बाँकेमा मल परिक्षण सेवाको शुभारम्भ भई सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रदान हुनेछ ।

ख) लुम्बिनी प्रदेश तथा प्रदेशका स्थानीय तहमा आबश्यक तथा माग भई आएमा मल नमुना संकलन तथा परिक्षण कार्य हुनेछ ।

ग) प्रदेश तथा स्थानीय स्तरमा प्रांगारिक तथा जिवाणु मल सुचिकरणमा सहयोग हुनेछ ।

घ) मल अनुगमन तथा निरिक्षण कार्यमा सहजिकरण हुनेछ ।

ङ) प्रदेश भित्र रहेका मल उत्पादक, बितरक तथा प्रयोगकर्ता लाभान्वित हुनेछन ।

च) लुम्बिनि प्रदेशमा रहेको यस प्रयोगशालाको स्तरउन्नतिका साथै ब्यपकता आउनेछ ।



लुम्बिनी प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँके

छ) लुम्बीनी प्रदेश भित्र उत्पादन हुने प्रांगारिक मलको गुणस्तर निर्धारण गर्न मद्धत पुग्नेछ ।

५. आधारभूत तथ्यांक तथा आवश्यक विवरण संकलनः

मल उत्पादक कृषक, समुह, सहकारी, फर्महरुको अवस्था, समग्र विवरण सम्बन्धित जिल्लाका कार्यालयबाट उपलब्ध गराइनेछ। प्रदेश अन्तर्गतका कृषि विकास निर्देशनालय, कृषि कार्यालय एवं अन्य सरोकारवाला निकाय तथा व्यक्तिले गर्दै आएका मल उत्पादन संग सम्बन्धित विवरणहरु तथा अन्य जानकारीहरु प्राप्त गर्न सकिनेछ।

६. परामर्शदाता ब्यक्तिको योग्यता र अनुभवः
यस कार्यक्रम अन्तर्गत परामर्शदाता फर्मको योग्यता र अनुभव तपशिल वमोजिमको हुनुपर्नेछ।

- ✓ कृषि विषयमा कम्तिमा स्नातक वा रसायन शास्त्रमा स्नातकोत्तर उतिर्ण गरेको हुनुपर्नेछ ।
- ✓ माटो विज्ञान समुहमा स्नात्तकोत्तर अध्ययन गरेकोलाई विशेष प्राथमिकता दिइनेछ ।
- ✓ मल जाँच तथा बिष्लेषण सम्बन्धी आधारभूत तालिम लिएको वा आधिकारिक संस्थामा मल परिक्षण कार्य गरेको अनुभब भएको हुनुपर्नेछ ।
- ✓ मल परिक्षण संग सम्बन्धित मेशिनरी औजार संचालन तथा रसायनहरुको ज्ञान र शिप भएको हुनुपर्नेछ ।

७. परामर्श दाता लाई परिक्षण कार्यको लागि कार्यालयले उपलब्ध गराउने जनशक्तिको विवरणः
यस सम्बन्धि बिषयमा काम गर्नको लागि तपसिल अनुसारको थप प्राविधिक जनशक्ति कार्यालयले ब्यवस्था गर्नेछ ।

| सि.न | जनशक्तिको विवरण | योग्यता/अनुभव | सँख्या | अवधि | गर्नुपर्ने काम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रयोगशाला सहयोगि | माटो परिक्षण कार्यमा अनुभव प्राप्त गरेका | २ | कार्य अबधि भर | मल विज्ञलाई मल परिक्षण तथा विश्लेषण कार्यमा सहयोग गर्ने | कार्यालयका हालको जनशक्तिबाट परिचालन गरिनेछ |
| | | | | | | |

८. अवधिः परामर्शदातासँग यस आर्थिक वर्षभरका लागि कार्य लगाउने गरी सम्झौता गरिने छ। यस आर्थिक बर्ष पश्चात प्रयोगशालाको आवश्यकताका आधारमा समयाबधि थप गर्न सकिनेछ, मासिक रुपमा कार्य प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

९. प्रयोगशालाले परामर्शदातालाई उपलब्ध गराउने सुचना, भौतिक सुविधा र उपकरणको विवरण: कामसँग सम्वन्धित प्रयोगशालामा भएका आधारभूत तथ्यांक तथा जानकारीहरु कार्यालयले उपलब्ध गराउनेछ ।अन्य जानकारीहरु सेवा प्रदायक आफैले सम्बन्धित सरोकारवाला निकायहरुबाट संकलन गर्नुपर्नेछ ।प्रयोगशालाले मल उत्पादन भैरहेको स्थानमा गई प्रतिवेदन तयार गर्नुपर्ने भएमा यातायात सुविधा उपलब्ध गराउने छ तर वास तथा खाना खर्च वाफतको रकम आफै तिनुपर्नेछ। सम्भव भए सम्म प्रयोगशालामा उपलब्ध सवारीसाधनको प्रयोग गरी कामलाई छिटोछरितो बनाईने छ।

१०. कार्यक्रमको मूल्याङ्कन सम्वन्धमा: परामर्शदाताको छनौट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार गुणस्तर र लागत विधिबाट गरिनेछ ।गुणस्तर मुल्यौंकनको लागि परामर्शदाता/प्रस्तावकले पेश गरेको जनशक्ति, योग्यता, सम्बन्धित काममा अनुभवलाई आधार मानिनेछ ।

११. भूक्तानी प्रकृया : प्रगति पतिवेदनका आधारमा मासिकरुमा कार्यालयले भुक्तानी उपलब्ध गाराउनेछ। मन्त्रालयको राय सुझाव र प्रचलित कानूनको परिधिभित्र रही छलफल र उपलब्ध प्रविधिहरुको उपयोगिता समेतलाई प्रतिबेदनमा समावेस गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२. लागत अनुमान: यस प्रयोजनको लागि कुल उपलब्ध बजेट बढिमा रु ४,००,०००।- (अक्षेरुपी चार लाख मात्र) रहेको छ।तसर्थ प्रस्तावक (परामर्शदाता) ले समय समयमा फिल्डमा गई मलको गुणस्तर अबलोकन तथा मल नमुना संकलन गर्न, मल उत्पादकलाई गुणस्तरीय उत्पादन सम्बन्धि परामर्श दिन फिल्ड भ्रमण/यातायात खर्च, संचार खर्च, स्टेशनरी खर्च लगायतका आबश्यक खर्च उल्लेख हुने गरी प्रस्तावित लागत अनुमान समेत पेश गर्नुपर्नेछ।

<u>प्रयोगशालाको लागत अनुमान :</u>

| क्र. स | बिवरण | इकाई | परिमाण | दर रु | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मासिक पारिश्रमिक | महिना | ९ | ४३६८९ | ३९३२०१ | आ.ब २०८१।८२ को कार्तिक महिना देखि अषाढ मसान्त सम्म अधिकृत छैटौ सरहको तलबमान स्केल बमोजिम |
| २ | संचार खर्च | एकमुष्ट | १ | ५००० | ५००० | |
| | कुल जम्मा रकम | | | | ३९८२०१ | अधिकतम् अंक : ४ लाख |

नोट: पारिश्रमिक सोझै भुक्तानी हुने शिर्षकमा र अन्य खर्च शोध भर्ना हुने शिर्षकमा रहने छन्। शोध भर्ना हुने शिर्षकमा भुक्तानी माग गर्दा सक्कल विल संलग्न राखी पेश गर्नुपर्नेछ।



लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँके

१३. मुल्याङ्कन आधारः प्राप्त प्रस्तावहरुको आर्थिक तथा प्राविधिक मूल्याङ्कनमा सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई छनौट गरिनेछ। प्राविधिक पक्षको अंकभार ८० % कायम गरिनेछ भने आर्थिक प्रस्तावको अंक भार २० % कायम हुनेछ। प्रस्तावहरुलाई तपसिल बमोजिमको मुल्याङ्कन सूचकका आधारमा मुल्याङ्कन गरिनेछ।

१३.१ प्राविधिक पक्षको मूल्याङ्कन आधार

| | मुल्याङ्कन सूचक | अधिकतम अंक |
|---|---|---|
| १ | प्रस्तावकर्ता व्यक्तिको अनुभवको अवस्था | २० |
| | मल परिक्षण सम्बन्धी तालिम लिई कम्तिमा १ बर्षको आधिकारिक संस्थाको कार्यानुभव - २०, मल परिक्षण कार्यमा ३ महिना देखि ६ महिना सम्म काम गरेको आधिकारिक संस्थाको कार्यानुभव -१८, मल परिक्षण कार्य आधिकारिक संस्थामा १ महिना सम्म काम गरेको कार्यअनुभव – १६ | |
| २ | प्रयोगशालाको कार्यक्षेत्रगत शर्त अनुसार प्रस्तावमा उपयुक्त विधि तथा कार्ययोजना | २८ |
| १.२ | प्राविधिक अवधारणा तथा विधि | २२ |
| क | TOR सँग तादम्त्यता | १० |
| | • राम्रो | ८-१० |
| | • मध्यम | ६-७.९ |
| | • सामान्य | ४-५.९ |
| ख | प्रस्तावको प्राविधिक गुणस्तर (Methodology and Technical Competency) | १२ |
| | •अति राम्रो | ९-१२ |
| | • राम्रो | ७-८.९ |
| | • मध्यम | ५-६.९ |
| | • कम | < ५ |
| २.२ | कार्य योजना (work plan) | ६ |
| | •धेरै राम्रो | ५-६ |
| | • राम्रो | ४-४.९ |
| | • मध्यम | ३-३.९ |
| | • कम | <२.९ |



गुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँके

| | मुल्याङ्कन सूचक | अधिकतम अंक |
|---|---|---|
| ३ | विज्ञको शैक्षिक योग्यता र प्रतिस्पर्धात्मक अवस्था | ३२ |
| ३.१ | मल बिज्ञ | |
| | (अ) माटो विज्ञान विषयमा स्नातकोत्तर गरेको साथै मल परिक्षण कार्यमा संलग्न भएको वा मल परिक्षणको आधारभूत तालिम लिएको - ३२, रसायन शास्त्र मा एम. एस्सी. गरेको वा कृषि विषयमा बि.एस्सी.एजी उत्तिर्ण गरेको साथै प्रयोगशालामा मल वा रसायन वा खाद्यतत्व परिक्षण कार्यमा संलग्न भएको वा आधारभूत तालिम लिएको-२८ | ३२ |
| | योग्य हुनको लागि कम्तिमा ६०अङ्क प्राप्त गरेको हुनु पर्नेछ। | |

१३.२ आर्थिक पक्ष : सबैभन्दा न्यून रकम कबोल गर्नेलाई २० अंकभार कायम गरी अन्य प्रस्तावलाई प्रस्ताव रकमको आधारमा अंकभार कायम गरिनेछ।

१४. प्रस्तावित खर्च अनुमानः देहाय बमोजिमको शिर्षकहरुमा लागत अनुमान पेश गर्नुपर्नेछ वा परामर्शदाताले तल उल्लेखित टेबलका कुनै क्रियाकलापमा अंक उल्लेख नगर्न समेत सक्नेछ ।

| क.सं. | तह | ईकाई | दर | परिमाण | लागत रकम रु |
|---|---|---|---|---|---|
| १ | मासिक स्केल | महिना | | | |
| २ | संचार खर्च | एकमुष्ट | | | |
| ३ | दैनिक भ्रमण तथा यातायात खर्च | दिन | | | |
| ४ | स्टेशनरी खर्च | एकमुष्ट | | | |
| | कुल रकम | | | | |
| | | | | | बढिमा चार लाख |

१५. अन्य विविध विषयवस्तुहरुः प्रयोगशालालाई आबश्यक परेमा मल विषय संग सम्बन्धित गतिविधिमा परामर्शदाताले सहयोग र सहजिकरण गर्नुपर्नेछ र कार्य संचालन गर्दा थप केही जटिलता आएमा आपसी समझदारीमा कार्यक्रम संचालन गरिनेछ र कुनै असमझदारी भएमा प्रचलित कानुन बमोजिम प्रयोगशालाको निर्णय अन्तिम रहनेछ ।

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
माटो तथा मल परिक्षण प्रयोगशाला
खजुरा, बाँके